# वलेफी हाइड्रोपावर लिमिटेड
# को
# तेह्रौं वार्षिक साधारण सभा

यस **वलेफी हाइड्रोपावर लिमिटेडको** सञ्चालक समितिका अध्यक्ष **श्री संजय कुमार साह** ज्यूको अध्यक्षतामा देहायको स्थान, मिति र समयमा कम्पनीको १३ औं वार्षिक साधारण सभा सम्पन्न भयो । सभाले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न बमोजिम निर्णय गरीयो ।

**१. सभा भएको स्थान मिति र समय :-**
वार्षिक साधारण सभा हुने स्थान :- होटल क्रिष्टल पशुपती, गौशाला, काठमाण्डौं ।
मिति :- २०८१/०९/२८ (तदनुसार Jan 12th, 2025)
समय :- बिहानको ११:०० बजे

**२. सभाको सूचना :-**
यस कम्पनीको मिति २०८१/०९/०५ गते बसेको संचालक समितिको निर्णय अनुसार सभा हुने स्थान, मिति, समय र वार्षिक साधारण सभामा पेश गरी छलफल गर्ने विषयहरु उल्लेख गरी मिति २०८१/०९/०७ र मिति २०८१/०९/१४ गतेको नयाँ प्रत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको र सम्बन्धित शेयरधनीहरुको ठेगानामा सभाको सूचना पठाइएको व्यहोरा सभालाई अवगत भयो ।

**३. गणपूरक संख्या :-**
कूल शेयर संख्याको उपस्थिति प्रतिशत :- ६५ प्रतिशत
माथि उल्लेख भए अनुसारको कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम २३ अनुसार गणपूरक संख्याको लागि पर्याप्त छ ।

**छलफलका विषयहरु :-**

**(क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नु हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१. कर्जा सुविधा स्विकृत गर्ने सम्बन्धमा ।

४. **उपस्थिती सञ्चालज्युहरु (कम्पनी ऐन २०६३ को दफा ६८ र ६८ को उपदफा २ बमोजिम**

| | | | |
|---|---|---|---|
| १. | श्री संजय कुमार साह | – | अध्यक्ष |
| २. | श्री रितेश प्रधान | – | सञ्चालक |
| ३. | श्री बिदुर पुरी | – | सञ्चालक |
| ४. | श्री राजेन्द्र तिमल्सेना | – | सञ्चालक |
| ५. | श्री योगश दारुका | – | सञ्चालक |
| ६. | श्री शुसान्त प्रधानाङ्ग | – | सर्वसाधारण सञ्चालक |
| ७. | श्री प्रकाश काफ्ले | – | स्वतन्त्र सञ्चालक |

**पर्यवेक्षक/प्रतिनिधिहरुः**

१.श्री नविन थापा, सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय ।

**५.उपस्थित शेयरधनी, गणपुरक संख्या तथा प्रतिशत :**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | जम्मा उपस्थित शेयरधनी संख्या | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| शेयरधनीहरु | १,१५,४६८ | २२ | ३१ | ०.०२७% |
| शेयर संख्या | १८२७९७०० | ९२१२ | ११८४२५४२ | ६५% |

**६.सभाको वैधानिकता र सभाको सभापतित्वः**

कम्पनी सचिवले तेह्रौं वार्षिक साधारण सभाको सूचना प्रकाशन सम्बन्धी जानकारी दिँदै कम्पनी ऐन २०६३ एवं कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम सभा संचालनको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानूनको परिपालना भई सोही ऐनको दफा ६९ बमोजिम सभाको वैधानिकता भएकोले सभाको अध्यक्षता गर्दै सभा संचालनका लागि संचालक समितिका अध्यक्ष **श्री संजय कुमार साह** ज्यूलाई सभा शुरु गर्न अनुरोध गरीयो ।

**७. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुती :**

क) सभाध्यक्षज्युको अनुमतिले कम्पनी सचिवले कम्पनीका सञ्चालकज्युहरुलाई आसन ग्रहण गराउनु भयो । आसन ग्रहण पश्चात अध्यक्ष **श्री संजय कुमार साह**ज्यले स्वागत मन्तब्य व्यक्त गर्नु भयो ।

ख) सभाको विषय सूचि बमोजिम अध्यक्षज्युले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन पेश गर्नु भयो ।

त्यसपछि अध्यक्षज्युले प्रस्तुत गर्नु भएको आ.व. २०८०/२०८१ को वार्षिक प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र अन्य वित्तीय विवरणहरु उपर छलफल गर्न आफ्नो प्रश्न, जिज्ञासा, सुझाव तथा मन्तब्यका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गरियो ।

**८) छलफलका क्रममा कोही शेयरधनीबाट कुनै जिज्ञासा, सुझाव तथा मन्तव्य व्यक्त नभएको साथै सबैको समर्थन रहेको ।**

Balephi Hydropower Ltd. 2012

९) सभाका निर्णयहरु
(क) सामान्य प्रस्ताव :
निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल हुँदा यस **बलेफी हाइड्रोपावर लिमिटेडको** तेह्रौ वार्षिक साधारण सभाको स्वागत मन्तव्य सहित कम्पनीको आथिक वर्ष २०८०/०८१ मा कम्पनीले गरी आएका कार्य विवरणका साथै कम्पनीका भावी कार्यक्रम समेतको वार्षिक प्रतिवेदन संचालक समितिका अध्यक्ष **श्री संजय कुमार साह** ज्यूले प्रस्तुत गर्नु भयो । यसरी कम्पनीको आर्थिक, भौतिक एवं कर्मचारी समेतको अवस्थाको बारेमा विस्तृत जानकारी गराउनु भई आगामी लक्ष्य समेत प्रकाश पार्नु भए पश्चात अध्यक्षज्यूको प्रतिवेदनलाई सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरीयो ।

निर्णय नं. २

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुँदा यस कम्पनीको लेखा परिक्षक ए.पी.एम.एण्ड एसोसिएट्सको तर्फबाट अंकित तायलले तयार गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको अनुसूचिहरु पेश भएकोमा शेयरहोल्डर प्रतिनिधि महानुभावज्यूहरुबाट सभामा विस्तृत छलफल गरी आर्थिक वर्ष २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन पारित गर्ने निर्णय भयो । साथै उक्त कार्यको लागि लेखा परिक्षकज्यूलाई धन्यवाद दिने निर्णय भयो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल हुँदा यस कम्पनीको आर्थिक वर्ष ०८१/०८२ को लागि वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको अनुसूचीहरुको लेखा परिक्षण प्रतिवेदन तयार गर्न लेखा परिक्षक एम.बर्मा एण्ड एसोसिएट्सलाई लेखा परिक्षक नियूक्त गर्ने निर्णय गरियो । साथै निजको पारिश्रमीक रु.५००,०००/-(अक्षरुपी पाँच लाख मात्र ।) मु.अ.कर बाहेक दिने निर्णय भयो ।

ख) विशेष प्रस्ताव

निर्णय नं. १

उपर छलफल हुँदा कम्पनीले सहवित्तियकरण अगुवा बैंक श्री ग्लोवल आई एम ई बैंक लि.बाट (Working Capital Loan) रु. १०,००,००,०००।- (अक्षरुपी दश करोड मात्र ।) को सिमा भित्र रहने गरी लिईएको कर्जा सुविधाको म्याद समाप्त भएकोले पुन सो कर्जा सुविधा नविकरण गर्ने निर्णय गरियो ।

ग) विविध

अन्त्यमा, सभाका सभापतिले साधारण सभामा सहभागिता जनाउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु तथा साधारण सभा सम्पन्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै अध्यक्ष ज्यूको अनुमतीलाई कम्पनी सचिवले आजको तेह्रौ वार्षिक साधारण सभा समापन भएको घोषण गर्नु भयो ।

Balephi Hydropower Ltd. 2012